# नेपालगंज उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, नेपालगञ्ज
**प्रथम पटक प्रकाशित मिति : २०७७।०३।०३ गते**

**दरभाउपत्र आव्हानको सूचना ।**

नेपालगञ्ज उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय अन्तर्गत साझेदारी बिकास कार्यक्रमका लागि निम्नानुसारका भौतिक सामाग्री खरिद कार्य दरभाऊपत्रका माध्यमबाट गराउनु पर्ने भएकोले ईच्छुक फर्म, व्यवसायी वा कम्पनीहरुबाट निम्न शर्तहरुको अधीनमा रही रीतपूर्वकको शिलवन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

**शर्तहरुः-**

१) अद्यावधिक नविकरण गरेको ईजाजतपत्र, स्थायी लेखानम्बर प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, आ.व.०७५/०७६ सम्मको आयकर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र निवेदन सहित तोकिएको दरभाउपत्र दस्तुर तिरी (पछि फिर्ता नहुने) यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समयभित्र यस उपमहानगरपालिकाबाट खरिद गरी सक्नुपर्नेछ । यसरी खरिद भएको दरभाउपत्र भरी कबोल गरी १६ औं दिनको १२:०० बजेभित्र **दरभाउपत्र**दाताले यस कार्यालयमा दरभाऊपत्र दर्ता गरिसक्नूपर्नेछ । दरभाउपत्र दस्तुरवापतको रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक नेपालगंज स्थित आम्दानी खाता ग-४-१-४१३००३०१०१०००२ मा जम्मा गरेको सक्कल भौचरलाई दरभाउपत्र कागजातसाथ संलग्न गर्नु पर्नेछ ।

२) दर्ता भएका दरभाउपत्रहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औ दिनदिनको १४:०० बजे कार्यालयका प्रतिनिधि तथा दरभाउपत्रदाताको रोहबरमा खोलिने छ । दरभाउपत्रदाता अनुपस्थित भएमा पनि यसै कार्यालयका प्रतिनिधिको रहोबरमा दरभाउपत्र खोलिनेछ ।

३) दरभाउपत्र खोल्ने दिन बिदा पर्न गएमा सो को भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिनको सोही समयलाई उक्त प्रयोजनको लागि मान्यता दिईनेछ ।

४) दरभाउपत्र फाराम साथ जमानत वापत तोकिएको रकम राष्ट्रिय बाणिज्य बैंक, नेपालगंज शाखा स्थित यस कार्यालयको धरौटी खाता नं.ग-३-४१३००३०३००००२ मा जम्मा गरि सक्कलै बैंक भौचर वा नेपाल सरकार बाट विडवण्ड जारी गर्न सक्ने ईजाजतप्राप्त बैंक तथा वित्तीय संस्थाबाट दरभाउपत्र दाखिला गर्न अन्तिम मितिबाट कम्तीमा ७५ औं दिन म्याद भएको विडवण्डको सक्कल संलग्न गर्नु पर्नेछ ।

५) दरभाउपत्रमा आइटमवाइज दर अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउंमा दरभाउपत्र दाताको सहि छाप भएको हुनु पर्नेछ ।

६) कार्यालयको हितलाई ध्यानमा राखी कुनै कारण जनाई वा नजनाई दरभाउपत्र पुरा वाआंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

७) शर्त रहेको, रित नपुगेको तथा म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

८) यसमा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ र अन्य प्रचलित कानून बमोजिम हुनेछ । दरभाउपत्रसम्बन्धीथप कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

## दरभाउपत्र सम्बन्धि विवरण

| प्याकेज | ठेक्का नं. | कामको विवरण | ल.ई. रकम रु (भ्याट सहित) | धरौटी (रु.) | दरभाउपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|
| 1 | NSMC/SG/SQ/PG1/076/77 | तालिम सामाग्रीहरु आपूर्ति कार्य ( मोबाइल, सिलाईकटाई र आलु चिप्स बनाउने तालिम सम्बन्धि) । | ३१,९९,७३०।६० | ८०,०००।०० | १०००।०० |
| 2 | NSMC/SG/SQ/PG2/076/77 | सूचना प्रबिधि सम्बन्धि सामाग्रीहरु आपूर्ति कार्य । | १,४५,६२५।०० | ४५००।०० | १०००।०० |
| 3 | NSMC/SG/SQ/PG3/076/77 | कार्यालयमा प्रयोग हुन अन्य भौतिक सामाग्रहरु । | १४,५७,२४८।०० | ३६,५००।०० | १०००।०० |

प्रमुख प्रशासकीय अधिकृत